# १.युवा विकास महाशाखाबाट सम्पादित कार्यहरुः

| | | |
|---|---|---|
| १ | **युवा स्वरोजगार** | • युवा तथा साना व्यवसायी स्वरोजगार कोषले आ.ब. २०७६/७७ मा सहकारी संस्थालाई युवा स्वरोजगारका लागि रकम निकाशा गरे पनि कोभिड १९ का कारण लगानी हुन नसकेकोले चालू आ.ब.मा उक्त रकम लगानी भई १९६७ जना स्वरोजगार भएका ।<br>• स्वरोजगार भएका मध्ये चालू आ.ब.मा ७७९ जना व्यवसायी र व्यवसायीको बीमा गरिएको ।<br>• लगानी गरिएका १२ वटा जिल्लाका २१९ वटा सहकारी संस्थाहरु र व्यवसायीको स्थलगत अनुगमन गरिएको । |
| २ | **राष्ट्रिय युवा प्रतिभा सम्मान** | • राष्ट्रिय युवा प्रतिभा सम्मानका लागि १३ जना प्रतिभावान युवाको छनौट कार्य सम्पन्न । |
| ३ | **युवा परामर्श सेवा** | • युवा उत्प्रेरणा, युवा उद्यमशिलता र रोजगारी, लगायतका विषयमा १८०० जना युवालाई अनलाइन प्रणालीबाट परामर्श सेवा प्रदान गरिएको । |
| ४ | **युवा नवप्रवर्तन केन्द्र स्थापना** | • नवप्रवर्तन केन्द्र स्थापना तथा सञ्चालनका लागि तयार पारिएको कार्यविधि सरोकारवाला निकायसँग छलफलको चरणमा रहेको । |
| ५ | **युवासम्वन्धी प्रचार प्रसार ( रेडियो,टेलिभिजन)** | • रेडियो नेपालबाट प्रत्येक आइतवार विहान ७:२५ देखि ७:४५ सम्म **युवा सञ्चार रेडियो कार्यक्रम** प्रशारण भैरहेको ।<br>• प्रत्येक हप्ताको शनिबार विहान ८ बजेको अंग्रेजी समाचार पछि (२५ मिनेट) नेपाल टेलिभिजनबाट **युवा सञ्चार कार्यक्रम** प्रशारण भैरहेको । |
| ६ | **सामाजिक जागरण तथा रुपान्तरण र समृद्धिका लागि युवा परिचालन** | • कोभिड -१९ विरुद्धको सचेतना,डेङ्गु र अन्य सरुवा रोगहरुको रोकथाम र मानवीय सेवामा १४७३ युवा परिचालन गरिएको । |
| ७ | **युवा क्लब गठन,प्रशिक्षक प्रशिक्षण तथा नमूना युवा संसद अभ्यास** | • युवाक्लब गठन तथा नमूना युवा संसद सञ्चालन सम्बन्धी कार्यविधि संशोधन गरिएको ।<br>• नमूना युवा संसद सञ्चालन सम्बन्धी प्रमुख प्रशिक्षकको प्रशिक्षणका लागि २०० जना युवाबाट अनलाइन आवेदन प्राप्त भएको ।<br>• संघीय,प्रादेशिक र स्थानीय तहमा नमुना युवा संसदको अभ्यासका लागि विषयवस्तु निर्धारण तथा पाठ्यसामग्री निर्माण गरिएको । |

| | | |
|---|---|---|
| ८ | **विपद् व्यवस्थापन लगायत मानवीय सेवामा २० हजार जना स्काउट स्वयंसेवक परिचालन** | • कोरोनासम्बन्धी सचेतना अभियान, क्वारेन्टाइन र आइसोलेन निर्माण, कोरोना निस्क्रमण, स्वाब कलेक्सन, शब व्यवस्थापन, निषेधाज्ञाको समयमा स्वास्थ्यकर्मीहरुलाई यातायात व्यवस्थापन, मास्क सिलाई तथा वितरण, कोभिड एवम् डेङ्गु नियन्त्रण आदि कार्यमा ९६५० जना स्काउट स्वयंसेवक परिचालन गरिएको |
| ९ | **अन्तर्राष्ट्रिय दिवस तथा अवसरहरुमा स्काउट परिचालन** | • स्काउट स्कार्फ डे अगष्ट १ को उपलक्ष्यमा बृक्षारोपण तथा सार्वजनिक स्थलको सरसफाइमा १८० जना,<br>• अन्तर्राष्ट्रिय शान्ति दिवस September २१ को अवसरमा सोसल मिडिया मार्फत् शान्तिको सन्देश फैलाउन Ride with Pride, Ride with Peace को नारा सहित Peace Cycle Rally मा २३ जना<br>• रक्तदान गरौं, जीवन बचाऔं भन्ने नारा सहित ललितपुरमा रक्तदान कार्यक्रमको आयोजना गरी ५० जना स्काउटबाट रक्तदान गरी शान्ति स्थापना र सामाजिक कार्यमा स्काउट परिचालन गरिएको |

# २.खेलकुद विकास महाशाखाबाट सम्पादित कार्यहरुः

| | | |
|---|---|---|
| १ | **प्रदेशमा अन्तर्राष्ट्रियस्तरको रङ्गशाला निर्माण** | • धनगढी रङ्गशालाको जी १० ब्लक निर्माणको ठेक्का आव्हानका लागि कागजात Upload को प्रकृयामा रहेको ।<br>• सुर्खेत रङ्गशालाको प्यारापिटको फाउण्डेशन निर्माणको लागि लागत ईष्टिमेट तयार पारी प्रदेश सरकारसंग समन्वय गरी निर्माण कार्य अगाडि बढाईएको ।<br>• धनुषामा रामजानकी रंगशालाको बाउण्ड्रिवाल र बाटो निर्माण कार्यको पुनः लागत इष्टिमेट तयार भईरहेको । |
| २ | **स्थानीय तहमा खेलग्राम निर्माण** | • खेलग्राम निर्माण गर्नका लागि १२५ वटा प्रस्ताव प्राप्त भएको । प्राप्त प्रस्तावहरु छनौटको प्रक्रियामा रहेको। |
| ३ | **एकेडेमी तथा कार्यालय भवन निर्माण** | • गौरीटार स्पोर्टस एकेडेमी निर्माण, मकवानपुरको ठेक्का मुल्याङ्कन प्रकृयामा रहेको । विनियोजित वजेट अपर्याप्त भएकोले स्रोत सुनिश्चितताको लागि पहल भई रहेको ।<br>• प्रशासनिक कार्यालय भवनको सम्पुर्ण स्ट्रक्चर निर्माण कार्य सम्पन्न भई रङ्गरोगन कार्य जारी रहेको |
| ४ | **क्रिकेट मैदान निर्माण** | • मुलपानी क्रिकेट मैदानमा चौथौ फेजको निर्माणका लागि गरिएको वोलपत्र स्वीकृतिका लागि आशयको सूचना प्रकाशित भएको । विनियोजित बजेट ठेक्का रकम भन्दा निकै कम भएकाले स्रोत सुनिश्चितताका लागि पहल सुरु भएको ।<br>• कोहलपुरको क्रिकेट मैदान निमार्णका लागि अघिल्लो आ.व. मा विनियोजित वजेटबाट हुनुपर्ने कार्य कोभिड १९ का कारण सम्पन्न हुन नसकेकोले सो कार्य (टिकेट काउण्टर, ड्रेन नाला, बाउण्ड्री वाल) सम्पन्न भएको तथा |

| | | |
|---|---|---|
| | | फिल्ड सम्याउने कार्य जारी रहेको ।<br>• भैरहवा क्रिकेट मैदान निमार्णका लागि अघिल्लो आ.व. मा विनियोजित वजेटबाट हुनुपर्ने कार्य कोभिड १९ का कारण सम्पन्न हुन नसकेकोले अघिल्लो आ.व. को निर्माण कार्य अन्तर्गत एक लेभलको प्यारापिट ढलान कार्य सम्पन्न भई  माथिल्लो प्यारापिट ढलानका लागि पिलर ढलान कार्य सम्पन्न भएको |
| **५** | **निर्माणाधिन रङ्गशाला** | • च्यासल फुटबल रंगशालाको स्ट्रक्चर निर्माण तथा ६५०० दर्शक क्षमताको कुर्सी जडान कार्य सम्पन्न । रङ्गरोगन, स्यानेटरी, इलेक्ट्रिकल, कम्पाउण्ड गेट, फिल्ड फिनिसिङ, टिकट काउण्टर, गार्ड हाउस, ट्वाईलेट ब्लक निर्माण कार्य जारी ।<br>• इटहरी रंगशालाको ग्राण्ड स्ट्याण्ड प्यारापिट, प्रिफ्याव भवनमा पार्टेसन र फ्लोरिङको कार्य सम्पन्न भएको । रङ्गरोगन कार्य जारी रहेको ।<br>• धरान रंगशालाको जग खन्ने कार्य भैरहेको ।<br>• फिदिम रंगशालाको ठेक्का मुल्याङ्कन प्रकृयामा रहेको । |
| ६ | **पुरस्कार तथा सम्मान** | • अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा पदक प्राप्त गरेका खेलाडीहरुलाई सम्मान स्वरुप मासिक भत्ता तथा पुरस्कार प्रदान गर्नका लागि आवश्यक कार्यविधि निर्माण कार्य अन्तिम चरणमा रहेको । |
| ७ | **खेलकुदको राष्ट्रिय प्रतिभा सम्मान** | प्रतिभा सम्मानका लागि ७ जना खेलाडी, २ जना प्रशिक्षक, १ जना निर्णायक, १ जना चिकित्सक र एउटा खेलसंघ छनौट भएको |

# ३. पूँजिगत तथा चालू खर्चको प्रगति विवरणः

| | | | | |
|---|---|---|---|---|
| **पूँजिगत खर्च** | ५९३००० | ७७५३१ | २४४० | ३.१५ |
| **चालू खर्च** | ११२४६५०० | ४१४३८६ | २५३२११ | ६१.११ |